# दुल्लू नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दुल्लू, दैलेख
कर्णाली प्रदेश नेपाल

प.सं. ०८२।०८३
च.नं. : ८३१

मिति: २०८२/०८/२२
ने.सं. ११४६ थिंलागा चतुर्थी

विषय: रिक्त पदमा स्थायी शिक्षक सरूवासम्वन्धी सूचना ।

श्री यो जो जससँग सम्वन्धित छ ।

दैलेख जिल्ला दुल्लू नगरपालिका १२ नं. वडा अन्तर्गत श्री जनता आधारभूत विद्यालय जुम्लेसालमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरूवाको प्रक्रिया अगाडि वढाइदिन भनी विद्यालयको च.नं. १३ मिति २०८२।०८।१६ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्वन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्वन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरूवासम्वन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च:

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना janatabasics9@gmail.com मार्फत् समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

बोधार्थ:

श्री शिक्षा विकास तथा समन्वय इकाइ दैलेख ।
श्री जनता आधारभूत विद्यालय दुल्लू- १२, जुम्लेसाल दैलेख ।

पदम वहादुर वुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत